# अभिभावकको लागि संक्रमणकालीन चरणको निम्ति सुझावहरू: ।

१. तपाईंको बच्चालाई तपाईंबाट टाडा रहने र  अन्य वयस्कहरू र बच्चाहरूसँग समय बिताउने अवसर दिनुहोस।

२. स्कूलको बारेमा सकारात्मक  कुरा गर्नुहोस।

३. आफ्नो बच्चालाई कैंची, क्रेयोन, पेन्सिल, मार्कर, रंग र कागज जस्ता वस्तुहरूसँग खेल्ने अवसर दिनुहोस।

४ आफ्नो बच्चालाई किताबहरू पढेर सुनाउनुहोस  र चित्रहरू र कथाको बारेमा कुरा गर्नुहोस।

५. तपाईंको बच्चालाई सरल निर्देशनहरू पालना गर्न दिएर र आफैंले काम गर्न दिएर उनीहरूको स्वतन्त्रतालाई प्रोत्साहन गर्नुहोस।

६. आफ्नो बच्चालाई स्कूल घुमाउन लैजानुहोस्। खेल मैदानमा खेल्ने,भवनको भ्रमण गर्ने र बाथरूम/शौचालय खोज्ने तथा प्रयोग गर्ने जस्ता कामहरू यस समयमा उपयोगी हुन्छन।

७. आफ्नो बच्चालाई सोध्नुहोस  कि उनीहरूलाई स्कूल कस्तो लाग्छ। उनीहरुमा स्कूलको बारेमा कुनै अवास्तविक डर वा गलत धारणा रहेको भए  बुझ्न सक्नु हुन्छ, उनीहरुमा स्कूलको  बारेमा के बुझाई छ भन्ने जान्न सक्नु हुन्छ। उनीहरुका कुरा सुन्नु होस  र स्कूलको बारेमा कुरा गर्नुहोस।

८. स्कूल बस स्टपमा जानुहोस् वा स्कूल जाने बाटो हिँड्नुहोस।

९. तपाईंको बच्चाको संक्रमण( transition) सफल हुने आशा गर्नुहोस। याद राख्नुहोस कि समायोजन हुन समय लाग्नेछ।

१०. तपाईंको सकारात्मक दृष्टिकोणले तपाईंको बच्चालाई मद्दत गर्न सक्छ; उसलाई थाहा दिनुहोस् कि तपाईं उसको राम्रो गर्ने क्षमतामा विश्वस्त हुनुहुन्छ।

* ओहायो शिक्षा विभागबाट साभार ।

**अतिरिक्त स्रोतहरू**

ओहायो शिक्षा विभाग:
https://education.ohio.gov/Topics/Early-Learning/Kindergarten/Kindergarten-Readiness-Checklist

अगस्ट १, २०२० मा वा सो भन्दा अघि जन्मिएका बच्चाहरुको लागि रेनोल्ड्सबर्गका बासिन्दाहरूका लागि किन्डरगार्टेन दर्ता खुला छ ।

QR कोड स्क्यान गर्नुहोस  र  थप जानकारीको लागि हाम्रो नामांकन पृष्ठमा जानुहोस ।

bit.ly/RCSKindergarten

**हामीसंग सम्पर्कमा रहनु होस!**

www.reyn.org

@ReynSchools

# २०३८ को कक्षा!

## स्कूल तयारीको अभिभावकको लागि गाइड।

REYNOLDSBURG CITY SCHOOLS
1868

Kick2start Kindergarten

**२०३८ को रेडर क्लासमा स्वागत छ।**

रेनोल्ड्सबर्ग सिटी स्कूलमा तँपाईलाई  स्वागत गर्न पाउँदा म धेरै उत्साहित छु। मेरो नाम डा. ट्रेसी रीड हो र म तँपाईहरुका शिक्षक र प्रिन्सिपलहरुलाई मद्दत गर्छु जसले गर्दा तँपाईहरुका नानीहरुलाई मनोरञ्जनात्मक कुराहरु सिक्न सहयोग गर्छ ।

नयाँ स्कूल सुरु गर्नु अलि असजिलो  हुन सक्छ, तर यो रमाइलो पनि हुनेछ! तँपाईहरुका नानीहरुले नयाँ साथीहरू बनाउनुहुनेछ, पढ्न सिक्नुहुनेछ, गणितका  समस्याहरू समाधान गर्नु हुनेछ र धेरै रमाइलो गतिविधिहरू गर्नुहुनेछ। तपाईंका नानीहरुका  शिक्षकसँग हरेक दिन रमाइलो गर्न खेलहरू र रोमान्चक गतिविधिहरू हुने  छन।

**अभिभावकहरूको लागि:**

हामीले हाम्रा प्राथमिक विद्यालयहरूमा पूर्ण-दिनको किन्डरगार्टन प्रदान गर्न थालेदेखि, हामीले ठूलो सफलता देखेका छौं। तँपाईले आफ्नो विद्यार्थीमा - विशेष गरी पढाई तथा सामाजिक तथा भावनात्मक शैक्षिक क्षेत्रमा  उल्लेखनीय वृद्धि देख्नु हुने छ। हामीले पूर्ण-दिनको किन्डरगार्टन प्रदान गर्न थालेदेखि उपयुक्त पठन/पढाई  स्तरका साथ पहिलो र दोस्रो कक्षामा पुग्ने विद्यार्थीहरुमा ५०% वृद्धि भएको  पाएका छौ । हाम्रा शिक्षकहरूले तपाईंको विद्यार्थीलाई शिक्षित गर्न धेरै साक्षरता र गणित स्रोतहरू प्रयोग गर्ने छन।जस्तै हेगर्टी( Heggerty),लेक्सिया( Lexia ) र ड्रीमबक्स ( Dream-box)।

पूर्ण एक पटक, रेनोल्ड्सबर्गमा स्वागत छ!

भवदीय,

डा. ट्रेसी आर. रीड

सुपरिन्टेन्डेन्ट

रेनोल्ड्सबर्ग सिटी स्कूल

# तयारी  सूची/चेकलिस्ट

## सामाजिक र भावनात्मक।

- ✓ घरमा नियमहरू पालना गर्न सुरु गर्नुहोस र बाँड्ने बानी बसाल्नु होस ।
- ✓ निराश नभई आमाबाबुबाट अलग हुन सिकाउनु होस ।
- ✓ बाथरुम/शौचालय स्वतन्त्र रूपमा प्रयोग गर्न सिकाउनु होस।

## मोटर कौशल/शरीरको गति सम्बन्धी क्षमता ।

- ✓ कैंचीले काट्न सिकाउनु होस।
- ✓ पेन्सिललाई सही रूपमा समात्न सिकाउनु होस।
- ✓ जुत्ताको लेस बाधने, कपडा लगाउने र जीप/चेन लगाउन तालिम गराउनु होस ।

## गणित र लेगोएज आर्ट ।

- ✓ १० सम्म गणना गर्नुहोस, १-५ सम्म  संख्याहरू पहिचान गर्न सिकाउनु होस ।
- ✓ रंग र आकार अनुसार समान वस्तुहरू क्रमबद्ध गर्नु सिकाउनु होस।
- ✓ वर्णमाला( alphabet) पढ्नुहोस  र पहिचान गर्नुहोस।
- ✓ आफ्नु नाम लेख्न सिकाउनु  होस ।




### नवीन समस्या समाधान कर्ता

**म समस्याहरू समाधान गर्न सक्छु!**

### सामाजिक र भावनात्मक रूपमा सक्षम

**म मेरा भावनाहरू प्रकट गर्न  सक्छु र साथी बनाउन सक्छु!**

### प्रभावकारी सञ्चारकर्ता / संचारक

**मलाई थाहा भएको कुरा म देखाउन सक्छु!**

### सहयोग/समन्मय

**म अरूसँग काम गर्न सक्छु!**

### सांस्कृतिक रूपमा सचेत र एक विश्वव्यापी नागरिक

**म हाम्रो विशाल संसारको बारेमा जान्न सक्छु!**